# ३

*[संवत् २०५० सालको पुरस्कार 'जगदम्बा-श्री' श्रीमती तारादेवीलाई र सोही सालको 'मदन पुरस्कार' 'माध्यमिक नेपाली गद्याख्यान' भन्ने ग्रन्थको लागि त्यसका रचयिता श्री शरद्‌चन्द्र शर्मा भट्टराईलाई समर्पण गर्न संवत् २०५१ साल आश्विन २२ गते रोज ७ का दिन आयोजित समारोहमा गुठीका अध्यक्षले गर्नुभएको स्वागत भाषण। यो भाषण 'नेपाली' त्रैमासिक अङ्क १४० बाट उद्‌धृत गरिएको हो।]*

*ॐ असतोमा सद्‌गमय: तमसोमा ज्योतिर्गमय:*
*मृत्योर्मा अमृतं गमय: ॐ शान्ति: शान्ति: शान्ति:*

बन्धुगण, एक वर्षपछि हामी फेरि रातो बङ्गला स्कूलको प्राङ्गणमा जम्मा भएका छौं। म तपाईंहरू सबैलाई न्यानो स्वागत निवेदन गर्दछु!

पोहर साल मैले पूर्वाभिमुख भएर स्वागत गरेको थिएँ तपाईंहरूलाई, यस पटक उत्तराभिमुख भएर गर्दैछु। त्यसमा यो कुरो कुनै सन्दर्भको छैन। स्कूलले जतापट्टि फर्कायो उतैपट्टि हामी फर्केका मात्र हौं। तर एउटा कुराचाहिँ यहाँ भनूँ कि भन्ने लागेको छ। यो रातो बङ्गला स्कूल अथवा त्योभन्दा पनि रातो बङ्गला भन्ने नामसँग हाम्रो एउटा गहिरो सम्बन्ध छ। मैले पैले पनि कतै भनिसकेको भए दोहोरिएको दोष मलाई नलागोस्। स्वर्गीय लेफ्टिनेन्ट जनरल मदनशमशेरले आफैले बनाएको पहिलो भवन यही हो। उहाँ बस्ने श्रीदरबार महाराज चन्द्रशमशेरले बनाइदिएको हो। यो रातो बङ्गला उहाँको क्रिकेट खेल्ने प्याभिलियनका रूपमा १९८६ सालमा निर्माण भएको हो। सके सिंहदरबारको खेलकुदको घरको ढाँचामा बनेकोले यो प्याभिलियन भवन रातो रङ्गमा पोतिएको थियो। त्यही रातो रङ्गले यसलाई रातो बङ्गला भन्ने नाम दिएको थियो। यस घरबाहेक लेफ्टिनेन्ट जनरल मदनशमशेर आफैले बनाएको अर्को एउटा मात्र सानो घर, ऐलेको त्रिभुवन विमानस्थलमा पूर्वपट्टि बनेको गल्फ खेल्ने घर हो। गौचरको त्यो घर अब छैन। त्यसैले मदनशमशेर जनरलसाहेबलाई सम्झाउने एउटा मात्र स्थापत्य यही रातो बङ्गला मात्र रहेको छ। त्यसैले यस

भवनसँग मदन पुरस्कार गुठीको भावनात्मक सम्बन्ध छ। त्यसैले यो कार्यक्रम यसै परिसरमा गर्न पाएकोमा हामीलाई आनन्द लाग्दछ।

यति स्पष्टीकरण पछि अब स्वागतका कुरा गरूँ। जनरल मदन तथा रानी जगदम्बाको आत्मालाई सर्वप्रथम म भावात्मक स्वागत निवेदन गर्दछु।

अनि म श्रीमती तारादेवीलाई स्वागत भन्दछु। नेपाली भाषाको गीतलाई लोकप्रिय बनाउन तपाईंले गरेको सेवा उल्लेखनीय रह्यो। तपाईंलाई भगवान्ले गला त दिएको थियो नै, त्यो गलालाई तपाईंले नेपाली भाषाको सेवामा लगाउनुभयो। त्यसैले तपाईंलाई यसरी हामीले अभिनन्दन गर्न पायौं। तपाईंलाई म यहाँ हार्दिक स्वागत गर्दछु।

शरद्चन्द्रज्यू, नेपाली साहित्यिकहरूको खोजखबर गर्नेमा तपाईं अग्रणी हुनुहुन्छ। पहिलेपहिले यस क्षेत्रमा लाग्नेहरूले जे गरे त्यो त स्तुत्य छ नै, तर तपाईंले उहाँहरूले गर्नुभएको कामलाई धेरै अगाडि बढाउनुभएको छ। मलाई थाहा छ ऐलेसम्म तपाईंले जति कुरा प्रकाशित गर्नुभयो– त्यसको कैयौं गुणा बढी सामग्री अझै तपाईंसँग बाँकी नै छन्। तपाईंले आफ्नो जीवन नेपाली साहित्यको अन्वेषणमा तिनैको सदुपयोग गर्नमा नै अर्पित गर्नुभएको छ। नेपाली युवा साहित्यिकहरूलाई यस्तै सत्कार्यमा लाग्ने प्रेरणा स्रोत तपाईं बनिदिनुहोस् भन्ने प्रार्थना गर्दै म तपाईंलाई स्वागत गर्दछु।

काठमाडौं विश्वविद्यालयका उपकुलपतिज्यू, आज हाम्रा प्रमुख वक्ताका रूपमा तपाईंलाई स्वागत गर्न पाउँदा मलाई अत्यन्त आनन्द भएको छ। हामीलाई यो समय दिनुभएकोमा हामीहरू कृतज्ञ छौं। तपाईंले नेपालको शिक्षामा ल्याउनुभएको स्तरीयताबाट हामी प्रभावित छौं। तपाईंबाट देशले ठूलो आशा राखेको छ।

यहाँ यसरी गरिने प्रवचनलाई हामीले तपाईंहरूको दीक्षान्त भाषण या स्वस्तिवचनका रूपमा लिने गर्दछौं, लिएका छौं। त्यसबाट हामीलाई ठूलो दिशाबोध हुन्छ। तपाईंको विद्वत्तापूर्ण प्रवचनले हाम्रो समारोहको गरिमा बढ्नेछ भन्ने मेरो विश्वास छ।

यहाँ अरू कति जना कुलपतिहरू उपकुलपतिहरू, प्राज्ञ र प्राध्यापकहरू, विद्वान्-विदुषीहरू हुनुहुन्छ। म तपाईंहरू सबैलाई हार्दिक स्वागत गर्दछु।

सानो ठाउँ छ हाम्रो, सबैलाई अटाउन सकिंदैन। त्यसैले चाँहदा चाहँदै पनि कति जना छुटनुहुन्छ। भए पनि, पालैपालो भए पनि नयाँ पुस्ताका सशक्त कलमहरूलाई यहाँ निम्त्याउने हाम्रो कोसिस रहन्छ। यसपटक पनि पैले कैल्यै नआउनु भएका केही युवा कवि लेखकहरू यहाँ उपस्थित हुनुहुन्छ। म उहाँहरू सबैलाई स्वागत अभिवादन गर्दछु।

तर, यहाँ जति जना तपाईंहरू हाम्रा सम्मान्य अतिथिहरू हुनुहुन्छ तपाईंहरूले आफैं मात्र यहाँ उपस्थित भएको नठानिदिनुहोला। तपाईंहरूलाई हाम्रो हजारौं नेपाली कविलेखकहरूका प्रतिनिधि मानेका छौं हामीले। त्यसैले तपाईंहरू यो नेपाली भाषा प्रेमको मन्त्र सर्वत्र व्याप्त गरिदिनुहोस् भन्दै तपाईंहरू सबैको हार्दिक स्वागत गर्दछु। धन्यवाद !

☒ ☒ ☒